नगर प्रमुख

आज मिति २०७५ साल बैशाख महिनाको ०६ गते बिहिबारका दिन विहानको ठिक ११.०० वजे यस शुक्लागण्डकी नगरपालिका, नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री किसान गुरुङ्गज्यू को अध्यक्षतामा बसी तपशिल बमोजिमका प्रस्तावहरु माथि तपशिल बमोजिमका निर्णयहरु गरियो ।

तपशिल :

श्री किसान गुरुङ्ग , नगर प्रमुख , सदस्य (नगर कार्यापालिका )

श्री सविता रसाईली , नगर उपप्रमुख , सदस्य (नगर कार्यापालिका)

श्री रवि चन्द्र पौडेल, सदस्य (नगर कार्यापालिका)

श्री जगत बहादुर गुरुङ्ग ,सदस्य (नगर कार्यापालिका)

श्री राम कुमार श्रेष्ठ ,सदस्य (नगर कार्यापालिका)

श्री शिव कुमार श्रेष्ठ, सदस्य (नगर कार्यापालिका)

श्री दिर्घ बहादुर थापा, सदस्य (नगर कार्यापालिका)

श्री कृष्ण बहादुर पौडेल , (नगर कार्यापालिका)

श्री राम बहादुर क्षेत्री थापा, सदस्य (नगर कार्यापालिका)

श्री कृष्ण प्रसाद रेग्मी, सदस्य (नगर कार्यापालिका)

श्री लोक नारायण श्रेष्ठ, सदस्य (नगर कार्यापालिका)

श्री रामचन्द्र भण्डारी, सदस्य (नगर कार्यापालिका)

श्री दल बहादुर थापा, सदस्य (नगर कार्यापालिका)

श्री मनराज गुरुङ्ग, सदस्य (नगर कार्यापालिका)

श्री दानु अधिकारी सापकोटा, सदस्य (नगर कार्यापालिका)

श्री गिता महत, सदस्य (नगर कार्यापालिका)

श्री विष्णुमाया ढकाल लम्साल, सदस्य (नगर कार्यापालिका)

नगर प्रमुख

Scanned by CamScanner

नगर प्रमुख

श्री रिता कुमारी भुजेल थापा, सदस्य (नगर कार्यापालिका)
श्री सानुमाया महत, सदस्य (नगर कार्यापालिका)
श्री कुल बहादुर भुजेल, सदस्य (नगर कार्यापालिका)
श्री खिम बहादुर कुमाल, सदस्य (नगर कार्यापालिका)
श्री भरत लामगादे, सदस्य (नगर कार्यापालिका)

अन्य उपस्थिति :
श्री जुनिता रिमाल, प्रशासन शाखा

नगर प्रमुख

Scanned by CamScanner

नगर प्रमुख

निर्णय नं. १

१.१. "घ" वर्गको निर्माण व्यवसायी ईजाजतपत्र सम्बन्धी मन्त्रालयले पठाएको नमुना कार्यविधि निम्नलिखित संसोधन सहित पास गरियो ।
- इजाजत पत्र दस्तुर रु. १५,०००/-
- नविकरण दस्तुर रु. ५,०००/-
- थप नविकरण दस्तुर रु. २,५००/-
- प्रतिलिपि दस्तुर रु. १०००/-
-(३) दफा (२) को उपदफा (२) अनुसारको समितीले गरेको सिफारिस सहित प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र प्रदान गर्नुपर्नेछ ।

निर्णय न. २

२.१. आयुर्वेद औषधालय सञ्चालन तथा व्यवस्थापन गर्न निम्न बमोजिमको समिति गठन गर्ने ।

| | |
|---|---|
| (क) नगरपालिका प्रमुख | - संरक्षक |
| (ख) आयुर्वेद औषधालय रहेको सम्बन्धि वडाको वडा अध्यक्ष्य | - अध्यक्ष |
| (ग) अध्यक्षले मनोनित गरेको व्यक्ति १ जना | - उपाध्यक्ष |
| (घ) आयुर्बेद औषधालय रहेको क्षेत्रका विद्यालयको प्रमुख | - सदस्य |
| (ङ) स्थानीय व्यापार संघको प्रतिनिधि | - सदस्य |
| (च) संरक्षकबाट मनोनित स्थानीय लब्ध प्रतिष्ठित स्वास्थ्य क्षेत्रको जानकार एक जना महिला सहित एक जना वडा कार्यालयको प्रतिनिधि गरि २ जना सदस्य | - सदस्य |
| (छ) सम्बन्धित आयुर्बेद औषधालय प्रमुख | - सदस्य सचिव |

निर्णय न. ३

३.१. वडा न. १० को ढुङ्गा,गिटी,बालुवा उत्खनन् भएको सन्दर्भमा न.पा.को इजाजत विना ठेकेदारले उत्खनन् गरि ढोरबाराही मोटरमार्ग राइपुर खण्डमा ग्राभेल गरेको कारण निजलाई नगरपालिकाको नियमानुसार प्रति घनमिटर रु. १००/- का दरले क्षतिपुर्ति तिराउने । साथै व्यक्तिको सन्दर्भमा सहजिकरण गरि उचित क्षतिपुर्ति गराउने जिम्मा न्यायिक समितिलाई दिने ।

निर्णय न. ४

४.१. सामाजिक परिचालकहरुलाई राजश्व परिचालनमा खटिने समय (२ महिनाको लागि) दैनिक रु. १००/- का दरले खाजा भत्ता प्रदान गर्ने ।

नगर प्रमुख

Scanned by CamScanner

निर्णय न. ५

५.१. वडा न. ११ बाट रुख काट्ने निबेदन प्राप्त भएकोले रुख काट्न आवश्यक भए नभएको छानविन गरि आवश्यक भएमा वडा कार्यालयबाट इजाजत प्रदान गर्ने ।

निर्णय न. ६

६.१. शुक्लागण्डकी नगरपालिका पदपुर्ति समितिका अध्यक्ष श्री मोहन अकेला ज्युको सडक दुर्घटनामा परि उपचारार्थ रहेकोमा स्वास्थ्य लाभको कामना गर्दै उहाँको उपचारार्थ Air Ambulance सेवाको खर्च भै परि आउने विविध शिर्षकबाट उपलब्ध गराउने ।

निर्णय न. ७

७.१. वडा न. १२ मा खा.पा. शिर्षकबाट रु. १०,००,०००/- रकम बिनियोजन भएकोमा देहायअनुसारको स्थानमा देहाय बमोजिमको रकम छुट्याइएको छ ।
देहाय :

क) बराहडाँडाँ: ७,५०,०००/-
ख) रातामाटा: २,००,०००/-
ग) प्युरीदोभान : ५०,०००/-

निर्णय नं. ८

८.१ शुक्लागण्डकी नगरपालिका अर्न्तगत रहेका स्वास्थ्य चौकीहरुको संचालन तथा व्यवस्थापन गर्न तपशिल बमोजिमको स्वास्थ्य व्यवस्थापन समिती गठन गर्ने ।
तपशिल :

(क) नगरपालिका प्रमुख - संरक्षक
(ख) स्वास्थ्य चौकी रहेको संबन्धित वडाको प्रमुख - अध्यक्ष
(ग) अध्यक्षले मनोनित गरेको व्यक्ति १ जना - उपाध्यक्ष
(घ) स्वास्थ्य चौकी रहेको क्षेत्रको विद्यालयको प्रमुख १ जना - सदस्य
(ङ) स्थानीय व्यापार संघको प्रतिनिधि - सदस्य
(च) संरक्षकबाट मनोनित स्थानीय लब्ध प्रतिष्ठित स्वास्थ्य क्षेत्रको जानकार एक जना महिला सहित एक जना वडा कार्यालयको अधिकृत गरि २ जना सदस्य - सदस्य
(छ) स्वास्थ्य चौकी प्रमुख - सदस्य सचिव

निर्णय नं. ९

नगर प्रमुख

Scanned by CamScanner

९.१ शुक्लागण्डकी नगरपालिका क्षेत्र भित्र रहेका शहरी स्वास्थ्य केन्द्र सञ्चालन र व्यवस्थापन गर्न निम्न बमोजिमको शहरी स्वास्थ्य केन्द्र व्यवस्थापन समिती गठन गर्ने ।
तपशिल :

(क) नगरपालिका प्रमुख - संरक्षक
(ख) शहरी स्वास्थ्य केन्द्र रहेको संबन्धित वडाको प्रमुख - अध्यक्ष
(ग) अध्यक्षले मनोनित गरेको व्यक्ति १ जना - उपाध्यक्ष
(घ) शहरी स्वास्थ्य केन्द्र रहेको क्षेत्रको विद्यालयको प्रमुख १ जना - सदस्य
(ङ) स्थानीय व्यापार संघको प्रतिनिधि - सदस्य
(च) संरक्षकबाट मनोनित स्थानीय लब्ध प्रतिष्ठित स्वास्थ्य क्षेत्रको जानकार एक जना महिला सहित एक जना वडा कार्यालयको प्रतिनिधी गरि २ जना सदस्य - सदस्य
(छ) शहरी स्वास्थ्य प्रमुख - सदस्य सचिव

निर्णय नं. १०

१०.१ वडा नं. ९ को वडा कार्यालय भवन वडा समितीले सिफारिस गरेको शु.न.पा ८, लसुन गौडीमा भवन बनाउने प्रक्रिया अघि बढाउने । साथै त्यसको लागि वडा कार्यालय भवन शिर्षकको रु २०,००,०००।- (अक्षेरुपी रु विस लाख मात्र ) र वडा कार्यालय जोड्ने सडकको बाकी रकम रु ३०,००,०००।- (अक्षेरुपी रु तिस लाख मात्र ) रकम समेत गरि रु ५०,००,०००।- (अक्षेरुपी पचास लाख मात्र ) रकम विनियोजन गर्ने । त्यसको लागि टेण्डर आव्हान गर्न समय अभाव हुने भएकोले वडा समितले निर्माण समिती गठन गर्ने साथै उक्त निर्माण समितीलाई भवन निर्माण गर्ने जिम्मा दिने । उपभोक्ता समितिले जम्मा गर्नुपर्ने जन सहभागिता वापतको रकम जम्मा गर्नु नपर्ने ।

निर्णय नं. ११

११.१ शुक्लागण्डकी नगरपालिकामा गरिव सग विशेश्वर कार्यक्रम सञ्चालन गर्नका लागि अनुमती प्रदान गर्ने ।

निर्णय नं. १२

१२.१ वडा नं. ११ को वडा कार्यालय भवन वडा समितीले निर्धारण गरेको ठाउँमा बनाउन वडा कार्यालय भवन शिर्षकको रकम रु २०,००,०००।- (अक्षेरुपी रु विस लाख मात्र ) बाट निर्माण समिती गठन गरि कार्य अघि बढाउने ।

निर्णय नं. १३

१३.१ शुक्लागण्डकी नगरपालिका क्षेत्र भित्र रहेका पार्कहरुको उचित संरक्षण एवम व्यवस्थापन गर्न प्रत्येक वडा कार्यालयहरुले अध्ययन गरि पेश गर्ने ।

नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner